Nepali

# माध्यमिक विद्यालय स्थानहरू विनियोजन प्रणाली 2020/2022
# सकेण्डरी 1 खुला स्थानहरूको लागि आवेदनको सम्बन्धमा Notes for Parents
## (**सहभागी नहुने** विद्यार्थीहरुलाई लागू हुने)
## (फेब्रुअरी 2022 मा अद्यावधिक गरिएको)

प्राथमिक 6 पढ्ने विद्यार्थीहरूको अभिभावकहरुले जसले सेकेण्डरी स्कूल स्थान विनियोजन (SSPA) प्रणाली 2020/2022 को माध्यमबाट माध्यमिक 1 (S1) स्वनिर्णयगत स्थान (DP) को लागि आवेदन दिन चाहनु हुनेलाई यस कागजातलाई ध्यानपूर्वक पढ्नको लागि सल्लाह दिइन्छ (Notes for Parents) र सेकेण्डरी 1 स्वनिर्णयगत स्थान को लागि Application Form (Application Form) सन्दर्भ बनाउनु होला र पोइन्टहरू नोट गर्नु होला ।

2. आवेदक विद्यार्थीहरु हङकङ निवासी हुनुपर्छ (अर्थात् हङकङमा सार्वजनिक क्षेत्रको स्कूलहरूमा शिक्षा प्राप्त गर्न योग्य)); SSPA मार्फत कहिल्यै पनि S1 स्थानमा विनियोजन नगरिएको; हङकङका कुनै पनि सरकारी, सहायता गरिएका, क्यापुट, प्रत्यक्ष अनुदान योजना (DSS) र अङ्ग्रेजी स्कूल फाउण्डेसन सेकेण्डरी स्कूलहरुमा कहिल्यै पनि पढेको हुनुहुँदैन; SSPA मा सहभागी हुने प्राइमरी स्कूल अध्ययन नगरेको हुनुपर्छ; हालको विनियोजन चक्रको लागि सकेण्डरी १ स्वनिर्णयगत स्थानको लागि कहिल्यै पनि Application Form जारी गरिएको हुनु हुँदैन; र अगस्ट 2022 मा प्राइमरी शिक्षा पूरा गरेको हुनुपर्छ । माथिका मध्ये कुनै पनि कुरा सम्बन्धि परिवर्तनहरु भएमा, आवेदक विद्यार्थीले तुरुन्तै शिक्षा ब्यूरो (EDB) को विद्यालय स्थान विनियोजन (SPA) विभागलाई सम्पर्क गर्नुपर्छ र DP का लागि उसको/उनको सम्पूर्ण सम्बन्धित आवेदनहरुलाई जफत गर्न सकिन्छ ।

## आवश्यकताहरु

3. प्रत्येक विद्यार्थीले EDB द्वारा प्रकाशित सेकेण्डरी एक विवेकाधिकार स्थानहरू (Handbook) को लागि आवेदन दिनको निमित Handbook मा सूचीबद्ध **दुईवटा भन्दा नबढाई** सहभागी सेकेण्डरी स्कूलहरूमा आवेदन दिन सक्दैनन, अन्यथा उनको DP पाउने गर्ने मौका गुम्नेछ। अभिभावकहरूले EDB को गृहपृष्ठ पनि हेर्न सक्दछन् (www.edb.gov.hk) (सूचिहरु चयन गर्नः (Home > Education System and Policy > Primary and Secondary Education > School Places Allocation System > Secondary School Places Allocation (SSPA) System) सूचीहरू डाउनलोड गर्न वा EDB को 24 घण्टा स्वचालित टेलिफोन जाँच प्रणाली 2891 0088 मा कल गर्नुहोस् (प्रेस 2 (अङ्ग्रेजी) > 5 (फ्याक्स सेवाहरु) > 04 (सेकेण्डरी स्कूल स्थान विनियोजन प्रणालीः विद्यालयको सूचीहरू)) सूचिहरु फ्याक्सबाट पाउनको लागि ।

## आवेदन अवधि

4. DP आवेदनको अवधि भरी सबै सहभागी सेकेण्डरी स्कूलहरुका लागि समान रहन्छ, **<u>3 जनवरी (सोमवार) देखि 17 जनवरी 2022 (सोमवार) सम्म, दुवै मिति समावेश हुन्छन् ।</u>** छुट्टाछुट्टै स्कूलहरूको अपरेटिंग समयको जानकारीको लागि, स्कूलहरूसँग सिधै सोधपुछ गर्नु पर्नेछ।

## Application Form

5. लागि Application Form विशेष गरी सरकारी, सहायता प्राप्त र क्यापुट सेकेण्डरी स्कूलहरुको साथसाथै SSPA प्रणालीमा DP भाग लिने DSS सेकेण्डरी स्कूलहरु (जस्तै Handbook मा सूचीबद्ध स्कूलहरू)[1] विद्यार्थीहरूको प्रयोगको लागि विद्यार्थीहरूको लागि डिजाइन गरिएको हो। प्रत्येक विद्यार्थीले दुईवटा Application Forms हरू पाउँछन्।

---

[1] Application Form Jockey Club Ti-I College कलेज र DSS माध्यमिक विद्यालयहरूमा SSPA प्रणाली (NDSS secondary schools) मा भाग नलिएको आवेदनको लागि लागू हुँदैन। Jockey Club Ti-I College S1 प्रवेशको लागि आवेदन अवधि 3 जनवरी (सोमबार) देखि 19 जनवरी 2022 (बुधवार) सम्म हो। SSPA 2020/2022 मा भाग नलिएको DSS माध्यमिक विद्यालयहरूको सूचीको सम्बन्धमा अभिभावकहरूले EDB को गृहपृष्ठ (www.edb.gov.hk) हेर्न सक्दछन् (सूचिहरु चयन गर्नः (Home > Education System and Policy > Primary and Secondary Education > School Places Allocation Systems > Secondary School Places Allocation (SSPA) System) सूचीहरू डाउनलोड गर्न वा EDB को 24 घण्टा स्वचालित टेलिफोन जाँच प्रणाली 2891 0088 मा कल गर्नुहोस् (प्रेस 2 (अङ्ग्रेजी) > 5 (फ्याक्स सेवाहरु) > 04 (सेकेण्डरी स्कूल स्थान विनियोजन प्रणालीः विद्यालयको सूचीहरू)) सूचिहरु फ्याक्सबाट पाउनको लागि। NDSS secondary schools को आवेदनको लागि आफ्नै तालिका भएकोले विवरणका लागि सम्बन्धित स्कूलहरूलाई सिधै सम्पर्क गर्नुहोस्।

6. प्रत्येक Application Form लाई चार भागमा विभाजन गरिएको छ: EDB को प्रतिलिपि (निलोमा), स्कूलको प्रतिलिपि (हरियोमा), अभिभावकको प्रतिलिपि (रातोमा) र स्कूल प्राथमिकताको अर्डर (स्कूल प्राथमिकता 1 को पहिलो विकल्प छ र स्कूल प्राथमिकताको अर्डर 2 दोस्रो विकल्पको रूपमा लिइन्छ (रातोमा)। विद्यार्थीहरुको विवरणहरू Application Form प्रत्येक भागमा पहिले नै प्रि-प्रिन्ट गरिएको छ। उदाहरणको रूपमा अभिभावकको प्रतिलिपि लिनुहोस्, प्रिन्ट गरिएको जानकारीले समावेश गरिएको हुन्छ:

- विनियोजन चक्र
- विद्यार्थी सन्दर्भ नम्बर
- आवेदन नम्बर
- विद्यार्थीको नाम
- लिङ्ग
- जन्म मिति

7. यदि Application Forms सङ्कलन पछि व्यक्तिगत विवरणमा संशोधन गर्न आवश्यक परेमा, आमाबाबुले तत्काले EDB को SPA विभाग मार्फत संशोधन गर्नुपर्छ। अभिभावकहरूले आफैंले आवेदन फारम Application Form मा कुनै पहिले नै छापिएको प्रि-प्रिन्ट गरिएको जानकारीलाई संशोधन गर्नु हुँदैन, र सेकेण्डरी स्कूलहरुले उनीहरूलाई आवेदन फारम Application Form लिने समयमा पहिले नै छापिएको (प्रि-प्रिन्ट गरिएको) जानकारीलाई संशोधन गर्न दिदैनन।

## आवेदन प्रक्रियाहरु

8. DP को लागी आवेदन दिने हो कि होइन भनेर आमा वा बुबाले छनौट गर्न सक्दछन, यदि अभिभावकले DP आवेदन दिने निर्णय गर्नुभयो भने, वहाँहरुले Application Form बुझाउँदा निम्न प्रक्रियाहरु पालना गर्नु पर्दछ:

(i) प्राथमिकताको Application Form न फारमका चारै भागहरूमा दिइएको स्थानमा आवेदन दिन को लागि सेकेण्डरी स्कूलहरुको नाम भर्नुहोस्।

(ii) रिटेंशन र रेकर्डको लागि अर्डर अफ स्कुल प्रीफरेंस समावेश गरिएको भाग लाई छुट्ट्याउनुहोस् (विद्यार्थीहरुले आफूहरुले आवेदन दिने विद्यालयहरुको प्राथमिकता सूचि संकेत गरिरहन आवश्यक छैन)। न्य तीन भाग जस्ताको तस्तै राख्नु पर्नेछ।अ

(iii) EDB को प्रतिलिपि, स्कूलको प्रतिलिपि र अभिभावकको प्रतिलिपि मा एउटै आवेदन नम्बर हुनु पर्दछ (सबै तीन भागहरू जस्ताको तस्तै सँगै हुनुपर्छ) सेकेण्डरी स्कूलमा बुझाउनु होस, साथमा सेकेण्डरी स्कूललाई वश्यक पर्ने अन्य सम्बन्धित कागजातहरूको साथसाथै (उदाहरण को लागी, पूरा भरिएको सेकेण्डरी विद्यालयको भर्ना फारामसमेत) बुझाउनुहोस्।

(iv) सेकेण्डरी स्कूल द्वारा जाँचको लागि विद्यार्थी आवेदकको परिचय पत्र को सक्कल प्रतिलिपि देखाउनुहोस।

(v) अन्तमा सेकेण्डरी स्कूलबाट पठाएको स्कूलको छाप भएको अभिभावकको प्रतिलिपि (पैरेंट कॉपी), स्कूलको नाम र स्कूल रिटेंशन र रेकर्डको लागि सुरक्षित राख्न माध्यमिक विद्यालयबाट प्राप्त गर्नुहोस् ।

**अभिभावकहरूले ध्यान दिनुहोस् कि एक पटक पेश गरी सकेपछि, Application Form पुन: फिर्ता लिन वा रद्द गर्न सकिँदैन र स्कूल छनोटको प्राथमिकताको क्रममा कुनै परिवर्तन गर्न सकिँदैन।**

9. यदि विद्यार्थीहरुले **एउटा मात्र सेकेण्डरी स्कूलमा आवेदन** दिए भने अर्डर अफ स्कुल प्रीफरेंस 1 को सहितको Application Form प्रयोग गर्नुपर्छ । यदि विद्यार्थीले दुवै Application Forms हरु एउटै विद्यालयका लागि बुझाए भने, EDB ले अर्डर अफ स्कुल प्रीफरेंस 1 को आवेदन मात्रै प्रशोधन गर्नेछ र अर्डर अफ स्कुल प्रीफरेंस 2 लाई मान्यता दिने छैन । प्रयोग नभएका कुनै Application Form हस्तान्तरणयोग्य हुँदैनन् । आमाबुवाहरुले आवेदन अवधिपछि आवेदन फारम Application Forms हरु आफैले राख्न वा नष्ट गर्न सक्छन् ।

10. निम्न अवस्थाहरुमा Application Forms सेकेण्डरी स्कूलहरुले स्वीकार गर्दैनन्ः

- हुलाकबाट पठाइएका Application Forms वा निर्धारित समयसीमा पछि बुझाइएको फारामहरु
- विनियोजन चक्र, विद्यार्थी सन्दर्भ (रिफरेन्स) नम्बर र आवेदन नम्बरमा संशोधन गरिएका Application Forms
- विद्यार्थीको नाम, लिङ्ग र जन्म मिति संशोधन गरिएका, EDB को छाप नभएका Application Forms
- नक्कली, बिग्रेका वा अपूरो Application Forms

## विद्यालय स्थानहरुको विनियोजन

11. सहभागी सेकेण्डरी स्कूलहरुले आफ्नो भर्ना मापदण्ड स्कूलको शैक्षिक दर्शन र संस्कृति अनुसार बनाउन सक्छन् । उनीहरुले आफ्नो भर्ना मापदण्ड र तौलका साथसाथै आवेदनका लागि DP को संख्या पनि सार्वजनिक गर्नु जरुरी छ । जसलाई विद्यालयको एउटा महत्वपूर्ण स्थानमा देखिने गरी राख्नुपर्छ वा प्रत्येक आवेदक विद्यार्थीलाई भर्ना हुनुअघि लिखित रुपमा दिनुपर्छ । कुनै विद्यालयमा आवेदन दिनुअघि, आमाबुवाहरुले विद्यालय भर्ना गर्न अघि विद्यालय को सबै पहलुहरु लाई विचार गर्नुहोस्, जस्तै यसको शैक्षिक दर्शन, संस्कृति, धर्म, भर्नाको मापदण्ड र विद्यालयले निर्धारण गरेको भार, कक्षा को संरचना, विकास र संचालन, र उनीहरुको बच्चाहरु को क्षमता, झुकाव र चासो हरु जस्ले गर्दा एउटा उपयुक्त स्कूल छनौट गर्न को लागी सहयोग हुने छ। विद्यालयहरुले अन्तर्वाता लिन सक्छन् तर कुनै पनि लिखित परीक्षा लिइने छैन ।

12. सबै सहभागी माध्यमिक विद्यालयहरूले (Jockey Club Ti-I College सहित) DP चेकजाँच गरेपछि सफल आवेदकहरूको अभिभावकलाई (गैर-सहभागी विद्यार्थीहरू सहित) स्वनिर्णयगत स्थानहरुको सफल सूचीको लागि उनीहरूको बच्चाहरूको समावेश सूचीमा परेको पत्र लेटर र फोनबाट 4 मे, 2022 भित्र सूचित गर्नुपर्दछ। स्कूलहरूले अभिभावकलाई सूचना प्रबन्धहरूको बारेमा राम्रोसँग जानकारी गराउन आवश्यक हो, र अभिभावकहरूबाट आवश्यक सम्पर्क जानकारी पहिल्यै संकलन गर्नु जरुरी छ। यी सूचना व्यवस्था आरक्षित र असफल आवेदकहरूलाई लागू हुँदैन, **न त सूचनाहरु निर्धारण नतिजा नै हुन् ।** सम्बन्धित अभिभावकहरुले सूचनाहरुको जवाफ दिन आवश्यक छैन ।

13. अनुच्छेद 12 मा भएका प्रबन्धहरु प्रशासनिक क्रियाविधि हुन् र अवस्थित SSPA विधिहरु अपरिवर्तित रहनेछ । विद्यार्थीहरुको रुचाएको विद्यालय क्रमको पहिचान गर्न प्रत्येक Application Form मा एउटा विशेष नम्बर हुन्छ । EDB ले विद्यालयहरुको सफल र आरक्षित सूचिसँग विद्यार्थीहरुले रुचाएको विद्यालयहरुसँग मिलाउनेछ । यदि उसले/उनले आवेदन दिएको दुवै विद्यालयमा विद्यार्थी सफल भएमा, उसको/उनको रुचाएको क्रम अनुसारको पहिलो विद्यालयको S1 स्थानमा उसलाई/उनलाई निर्धारित गरिनेछ । यदि अभिभावकहरुले माध्यमकि विद्यालयहरुमा आवेदन दिएको र अन्ततः SSPA प्रणाली अन्तर्गतको यस निर्धारण कालमा त्यस विद्यालयले S1 स्थानहरुको प्रस्ताव नगरेमा, त्यस आवेदनहरुको कार्यवाही हुने छैन ।

14. **DP को नतिजा (CA) को नतिजासँगै एकै चोटी 26 जुलाई 2022 मा जारी गरिनेछ ।** नतिजाहरु घोषणा गर्नुअघि अभिभावकहरुले आवेदन दिएको विद्यालयहरुमा सोधपुछ गर्न आवश्यक छैन । यदि सहभागी–नभएका विद्यार्थीहरुलाई सहभागी भएका माध्यमिक विद्यालयहरु वा Jockey Club Ti-I College DP चरणमा भर्ना लिएका छन् भने, सम्बन्धित माध्यमिक विद्यालयहरुले अभिभावकहरुलाई औपचारिक आवेदनको नतिजा र सम्बन्धि प्रबन्धहरुको बारेमा खबर गर्न 26 जुलाई 2022 मा सम्पर्क गर्नेछन्, जुन निर्धारण नतिजाहरुको घोषणा गर्ने मिति हो । सहभागी–नभएका विद्यार्थीहरुको अभिभावकहरुले यदि आवश्यक परेमा निर्धारण नतिजाहरु घोषणा गर्ने मितिमा आवेदन दिएको माध्यमिक विद्यालय(हरु)मा सम्पर्क गर्न सक्नेछन् ।

15. **सहभागी विद्यार्थीहरुले आफ्ना DP आवेदनहरु असफल भएको अवस्थामा सार्वजनिक क्षेत्रको S1 स्थान विनियोजित गरिएको चाहान्छन् भने, उनीहरुले आफ्नो पहिचान कागजातका मौलिक कागजातहरु ल्याएर मे देखि अगस्ट 2022 सम्म कार्यालय समयमा EDB को SPA विभागमा रजिष्ट्र गर्नुपर्छ । केन्द्रिय विनियोजनपछिका उपलब्ध CA स्थानहरु EDB द्धारा योग्य आवेदक विद्यार्थीहरुलाई विनियोजन गरिनेछ** । आवेदनहरुको पहिलो ब्याचका नतिजाहरु अन्तिममा जुलाईमा, दोस्रो ब्याचका नतिजाहरु मध्य अगस्ट मा घोषणा गरिनेछ र त्यसपछिका विद्यार्थीहरुलाई व्यक्तिगत रुपमा सूचित गरिनेछ ।

## Application Form को प्रतिस्थापन को लागी आवेदन

16. विग्रिएका वा हराएका Application Forms हरु विद्यालय SPA विभागमा व्यक्तिगत रुपमा पाउन सक्नुहुन्छ । HK$125 को शुल्क प्रति प्रतिस्थापन लगाइनेछ। यदि हराएको भनेर दावी गरिएको फारम प्रतिस्थापन प्रतिलिपि जारी गरिए पछि फेला पर्‍यो भने, Application Form अभिभावकले प्रतिस्थापन प्रतिलिपि प्रयोग गर्नुपर्दछ र फेला पारिएको प्रतिलिपिलाई नष्ट गर्नुपर्दछ। अभिभावकहरूले एउटा भन्दा बढि माध्यमिक विद्यालयमा आवेदनको लागि एउटै अर्डर अफ स्कुल प्रीफरेंस सहित Application Forms प्रयोग गर्नु हुँदैन, अन्यथा, उनीहरूका बच्चाहरूको DP प्राप्त गर्ने मौका गुम्ने छ ।

## सोधपुछ

17. थप सोधपुछको लागि, कृपया EDB को SPA सेक्सन (SSPA) 2832 7740 वा 2832 7700 मा सम्पर्क गर्नुहोस्।

विद्यालय स्थान निर्धारण शाखा
शिक्षा ब्यूरो
डिसेम्बर 2021
•फेब्रुअरी 2022 मा अद्यावधिक गरिएको¶